थाहानगरलाई अक्सिजन....... | पृष्ठ ५ मा

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-८
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक



● मकवानपुर, वर्ष-१४, ● अंक-०५ ● २०७८ साउन ३२ गते सोमबार, ● 16 Aug. 2021, ● नेपाल सम्वत्-११४१, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## थाहाको पाँच स्थानमा कोरोनाविरुद्ध सडक नाटक प्रदर्शन




◆ विकास संवाददाता

थाहा नगरपालिकामा क्रियाशील दामन चेली समाजले २७ साउनमा नगरको पाँच स्थानमा कोरोनाविरूद्ध सडक नाटक प्रदर्शन गरेको छ ।

थाहा नगरपालिकाको आर्थिक सहयोग र इलाका प्रहरी कार्यालय पालुङको समुदाय-प्रहरी अभियानसँग सहकार्यमा दामन चेली समाजले एकै दिन नगरको घर्तिखोला, शिखरकोट, थानाबजार, कुन्छाल र सरस्वती बजारमा कोरोनाविरूद्ध सडक नाटक प्रदर्शन गरेको हो ।

नगरमा कोरोनाको जोखिम बढिरहेकोले यसलाई न्यूनीकरण गर्न सचेतनामुलक कार्यक्रमअन्तर्गत सडक नाटक प्रदर्शन गरिएको दामन चेली समाजकी अध्यक्ष जयन्ती रायमाझीले थाहा टाइम्सलाई बताइन् । आगामी दिनमा नगरका अन्य स्थानहरूमा पनि सचेतनामुलक कार्यक्रम गर्ने उनले जानकारी दिइन् । बाँकी पेज ५ मा

## थाहा नगरपालिकाको "ह्याट्रिक" जिल्लामै फेरि उत्कृष्ट

◆ विकास संवाददाता




थाहा नगरपालिका मकवानपुर जिल्लामै उत्कृष्ट घोषित भएको छ । जिल्ला समन्वय समितिको छैठौं जिल्ला सभाको अवसरमा हेटौंडामा थाहा नगर पालिकालाई जिल्लाका स्थानीय तहहरू मध्ये उत्कृष्ट घोषणा गरेको हो । थाहा यससहित जिल्ला समन्वय समितिको मूल्याङ्कनमा तेस्रो पटक उत्कृष्ट घोषित भएको हो । उत्कृष्ट घोषणा भएको थाहा नगरपालिकालाई बागमती प्रदेशका मुख्यमन्त्री डोरमणी पौडेलले थाहा नगर पालिकाका नगर प्रमुख लवशेर विष्ट तथा उपप्रमुख खड्ग गोपालीलाई सम्मान पत्र हस्तान्तरण गरे ।

जिल्ला समन्वय समिति मकवानपुरले स्थानीय तहहरूको कार्य प्रगति तथा स्थानीय तह संस्थागत क्षमता स्वमुल्याङ्कन कार्यविधि, २०७७ को समेत अंकभारलाई आधार मानी पुरस्कृत गरिएको जिल्ला समन्वय प्रमुख रघुनाथ खुलालले जानकारी दिए । थाहा नगर पालिकाले ७९.५ अंक प्राप्त गरेको छ ।

त्यसैगरी मकवानपुरको दोस्रो स्थानीय तह मनहरी र तेस्रो बकैया गाउँपालिका भएको छ । यसैबीच नगरपालिका जिल्लामै उत्कृष्ट घोषणा पश्चात नगर प्रमुख लवशेर विष्टले सम्पुर्ण जनप्रतिनीधि, कर्मचारीहरूमा आभार व्यक्त गरेका छन् । पालिकाको सफलता आम नगरबासीको सफलता भएको बताउँदै सफलताको उचाई कायम राख्न आगामि दिनमा सम्पूर्णको सहयोग आवश्यक रहेको बताए । नगर उपप्रमुख खड्ग गोपालीले जिल्लामै उत्कृष्ट भएकोमा खुशी व्यक्त गर्दै सम्पूर्णमा धन्यवाद दिएका छन् । उपप्रमुख गोपालीले सफलता एकल पहलले नभई सामुहिक कामको प्रतिफल भएको बताए ।

## जनकल्याण माविलाई १० थान कम्प्युटर सहयोग

◆ विकास संवाददाता

थाहा नगरकै जेठो जनकल्याण माविलाई ठूलो परिमाणमा कम्प्युटर सहयोग गरिएको छ । २७ साउनमा विद्यालयमा आयोजित एक कार्यक्रममा ६ थान डेस्कटप कम्प्युटर र ४ थान ल्यापटप हस्तान्तरण गरिएको हो । दिग्विजय विष्टको संयोजनमा रोटरी क्लब अफ काठमाडौं वेष्ट, रोटरी क्लब अफ पोखरा, सिटिजन बैंक, बिष्ट सेवा समाज र एसइबिएसको सहयोगमा सो परिमाणमा कम्प्युटर हस्तान्तरण गरिएको हो ।

सो कार्यक्रममा नगर प्रमुखलवशेर विष्ट, उपप्रमुख खड्ग गोपाली, पूर्व स्थानीय विकास अधिकारी भुवनप्रकाश विष्ट, दिग्विजय विष्ट, शारदाभक्त रन्जित, सुरेन्द्रराज जोशी लगायतको उपस्थिति रहेको थियो । कम्प्युटर सहयोगपछि जनकल्याण माविका प्रधानाध्यापक सानोभाइ कार्कीले सो सहयोगले विद्यालयको शैक्षिक विकासमा महत्त्वपूर्ण योगदान पुग्ने बताउँदै सहयोगको पूर्ण सदुपयोग गर्ने प्रतिवद्धता जनाए ।

## प्रकोप जोखिम व्यवस्थापनका लागि उद्धार तालिम

◆ विकास संवाददाता




थाहा नगरपालिकामा जलउत्पन्न प्रकोप जोखिम व्यवस्थापनका लागि विपद प्रतिकार्य तथा उद्धारसम्बन्धी व्यवहारिक तालिम २८ साउनमा प्रदान गरिएको छ । नगरका सबै वडाका स्वयम्सेवकहरूको सहभागितामा थाहा नगरपालिका र नेपाल पानी सदुपयोग फाउण्डेशनले तालिम दिएको हो ।

५० भन्दा बढी सहभागीहरूलाई पालुङको सत्मूलनजिक क्षेत्रगत तालिम प्रदान गरिएको थाहा नगरपालिकाकाका विपद व्यवस्थापन फोकल पर्सन अनिल लामिछानेले थाहा टाइम्सलाई जानकारी दिए ।

काठमाण्डौं सिनामंगलस्थित सशस्त्र प्रहरी बलबाट निरीक्षक नन्दकिशोर महतोको नेतृत्वमा आएको टोलीले तालिम दिएको थियो । सहभागीहरूलाई सशस्त्र प्रहरी निरीक्षक महतो, सशस्त्रकै बलराम अधिकारी, मधु ओझा, संजिव मोक्तान र केशव तिमल्सिनाले तालिम दिएका थिए । तालिममा नेपाल स्काउट थाहानगर स्थानीय समितिअन्तर्गत जनकल्याण माविका विद्यार्थीहरूको समेत सहभागिता रहेको थियो । नेपाल प्रहरी, जनप्रतिनिधि, पत्रकार, स्थानीय संघसंस्था तथा स्वयम्सेवकहरूको सहभागितामा तालिम भएको हो । तालिमको शुभारम्भ थाहा नगरपालिकाका उपप्रमुख खड्गबहादुर गोपालीले गरेका थिए । यसअघि २७ साउनमा स्थानीय विपद तथा जलवायु उत्थानशील योजना तर्जुमा कार्यक्रम सम्पन्न गरिएको थियो ।

## व्यक्तिगत घटना दर्ता सम्बन्धी जरुरी सूचना !

जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

**थाहा नगरपालिका**
नगर कार्यापालिकाको कार्यालय
इन्द्रायणीचौर, मकवानपुर

## कोभिड-१९ विरुद्धको खोपका लागि अनलाइन इन्ट्री सम्बन्धी सूचना !

विश्वभरी नै फैलँदै गरेको कोभिड-१९ रोगको रोकथाम र नियन्त्रणका लागि विभिन्न चरणहरुमा खोप अभियानहरु संचालन भैरहेको र खोप अभियानहरुमा धेरै भिडभाड हुने गरेको कारणबाट संक्रमणको जोखिम उच्च हुने तथा अभिलेख प्रतिवेदनमा समेत कठिनाई भएकोले आगामि खोप अभियानहरुको योजना तयारी गर्न, अभियानमा अभिलेख प्रतिवेदन व्यवस्थित गर्न, खोप अभियान संचालनमा सेवाग्राहीहरुलाई सहजता र सुरक्षित तवरले खोप उपलब्ध गराउनका लागि खोप लिने व्यक्तिहरुले www.vaccine.mohp.gov.np मा अग्रिम विद्युतीय विवरण प्रविष्ट गर्न अति जरुरी भएको तथा विद्युतीय विवरणमा प्रविष्ट नभएमा खोप उपलब्धतामा कठिनाई हुने हुँदा खोप लिन बाँकी ईच्छुक १८ वर्ष माथिका नागरिकहरुले अनलाइन फारम भर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

**थाहा नगरपालिका**
नगर कार्यपालिका कार्यालय,
इन्द्रायणी चौर, मकवानपुर

जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७
कार्यालय: थाहा-८ सम्पर्क नं. ९८०७१५३३००

# सम्पादकीय

## कुलमानसंगको जनअपेक्षा

जनअपेक्षा गरिए अनुसार नै नेपाल विद्युत् प्राधिकरणको कार्यकारी निर्देशकका रुपमा कुलमान घिसिङलाई नियुक्त गरिएको छ । नेपाली कांग्रेस नेतृत्वको सरकारले एक महिनासम्म केही गर्न नसकेको भन्ने आरोप लागिरहेको बेलामा कुलमानलाई नेपाल विद्युत् प्राधिकरणको जिम्मेवारी सुम्पनु यतिखेर अर्थपूर्ण पनि छ । यद्यपि, उनी राजनीतिक कोटाअन्तर्गत भागबन्डाबाट नियुक्त भएका अवश्य हुन् । यतिखेर विशेषगरी माओवादी केन्द्रकै पहलमा कुलमानलाई जिम्मेवारी दिइएको कुरा स्पष्ट नै छ । कुलमानले २०७७ भदौमा आफ्नो चार वर्षको कार्यकाल पूरा गरेपछि पनि उनैलाई निरन्तरता दिने अड्कलबाजी गरिँदै आए पनि उनको ठाउँमा निवर्तमान प्रधानमन्त्री ओलीले हितेन्द्रदेव शाक्यलाई ल्याएका थिए, जसका कारण विभिन्न विरोध र आन्दोलनका कार्यक्रमहरु समेत भए ।

अघिल्लो नेकपा नेतृत्वको सरकारले उनलाई प्रचण्डलगायतका नेताहरुको दबाबका बाबजुद पनि नियुक्त नगरी शाक्यलाई प्राधिकरणको जिम्मेवारी सुम्पिएपछि उनी जनमानसमा थप लोकप्रियसमेत रहे । हालका दिनमा विद्युत् चुहावट बढ्दै गएको छ भने विद्युत्गृहहरुले दिने उत्पादनमा समेत ह्रास आएको पाइएको छ । यस्तो समस्यालाई समाधान गर्नका लागि भारतबाट महँगो विद्युत्को आयात बढाउँदा प्राधिकरणले जुन अनुपातमा नाफा गर्नुपर्ने हो त्योअनुसार गर्न सकेको छैन । त्यसरी नै, पटकपटक विद्युत् काटिरहने प्रायोजित अवस्थाबाट फाइदा उठाउँदै व्यापारीहरुको कालो धन्दा अहिले पनि रोकिएको अवस्था छैन, जसको प्रमुख कारणमा कमिसनको खेल रहेको बताइन्छ । सम्झौता भएअनुसार बन्दै गरेका कतिपय जलविद्युत् परियोजनाहरु बीचमा नै अलपत्र छन् भने कतिपय विवादका कारण बन्दसमेत भैसकेका छन् । अझ, पछिल्लो समयमा विद्युत् परियोजनाहरुमा प्राकृतिक विपद्का कारण क्षतिसमेत पुगिरहेको छ । यी तमाम अवस्थाहरुलाई सुधार्नुपर्ने दायित्व अब कुलमानको काँधमा आएको छ । जलस्रोतमा देखिँदै आएको राजनीतिलाई कम गरी ठूला परियोजनाहरुको निर्माण अहिलेको आवश्यकता बनिरहेको सन्दर्भमा उनको नियुक्ति आशाको किरण बनेर आएको कुरामा दुईमत छैन । देशलाई लोडसेडिङमुक्त गर्ने भूमिकामा नेतृत्वदायीरुपमा खरो उत्रिन पुगेका कुलमानले विद्युत् प्राधिकरणलाई ठूलो नाफामा समेत पुऱ्याए । यसैले पनि उनीप्रति आमजनताको अपेक्षा चुलिएको हो । कुलमान विद्युत् प्राधिकरणका लागि उपयुक्त पात्र पनि हुन्, उनले आफ्नो पहिलो कार्यकालमा त्यस कुरालाई पुष्टिसमेत गरेका छन् । यति हुँदाहुँदै पनि उनको नियुक्ति प्रक्रियालाई लिएर टिप्पणी गर्न सकिने ठाउँ यथावतै छ । कुलमान नै किन, विद्युत् प्राधिकरण हाँक्न अरु सक्षम छैनन् ? भन्ने प्रश्न उनको नियुक्तिसँगै अहिले उठिरहेको छ ।

देशको अति नै महत्त्वपूर्ण संस्थालाई नेतृत्व गर्ने सवालमा एउटै व्यक्तिमाथि पटकपटक निर्भर हुनपुग्दा त्यसले संस्थाको विश्वसनीयतामाथिमात्रै प्रश्न उठाउन पुग्दैन, अझ संस्थागत प्रणालीको क्षयीकरणतिर पनि औँलो उठाउँछ । कुलमानबाहेक विद्युत् प्राधिकरणलाई सञ्चालन गर्ने अर्को विकल्प नै नभएको जस्तो स्थिति निरीह अवस्थाको द्योतक हो जसले देशमा रहेका अरु सक्षम व्यक्तिहरुले कहिल्यै अवसर नै नपाउने स्थितिमात्रै सिर्जना गरेको छैन, अझ एउटै व्यक्तिप्रति नै सधैँ निर्भर हुने समस्याका कारण संस्थागत विकासमा समेत त्यसले सक्दो प्रहार गरिरहेको पनि छ । जसरी आम नागरिकले उनीमागि आशा भरोसा गरेका छन् यो साखलाई उनले नतिजामै परिणत गर्नुपर्नेछ ।

### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# नेतृत्वभन्दा निरीह कार्यकर्ता उत्पादन गर्ने कारखाना

सीमा बन




युवा समग्र जीवनको एउटा यस्तो उमेर अवस्था हो, जुन अवस्थामा व्यक्तिमा साहस, सिर्जनशीलता, सिक्ने क्षमता एवं उच्च आत्मविश्वास हुन्छ । युवाले यही उमेरमा आफ्नो फरक पहिचान निर्माण गर्न चाहन्छ । समाजमा आफूलाई अब्बल सावित गर्न संघर्षरत हुन्छ । युवा अवस्था मानव जीवनकै सर्वाधिक ऊर्जाशील समय हो । हरेक देशमा युवा नेतृत्वलाई समृद्धि र विकासको आधारका रूपमा व्याख्या गरिएको हुन्छ र हरेक परिवर्तनमा युवा आन्दोलन निर्णायक पनि भएको छ । तर, पनि राज्यको नीति निर्माणदेखि राज्य सञ्चालनसम्म युवाहरूको पहुँच, प्रतिनिधित्व र पहिचानको सवाल निकै कमजोर छ । नेपालको सन्दर्भमा पनि समृद्धि र विकासका लागि सामाजिक, आर्थिक र राजनीतिक क्षेत्रमा युवाहरूको नेतृत्व आवश्यक भएको चर्चा हुने गरे पनि त्यसले सार्थकता पाउन सकेको छैन ।

कुन उमेर समूहलाई युवा भन्ने सन्दर्भमा सबैको एकमत छैन । विश्व श्रमिक सङ्गठनले १५-२९ वर्ष उमेर समूहका मानिसलाई युवा भनेको छ भने विश्व स्वास्थ्य सङ्गठन र युनिसेफले १५-२४ वर्ष उमेर समूहलाई युवा भनेको छ । युवाको परिभाषा देशअनुसार फरक-फरक देखिन्छ । सार्क र अन्य देशको तुलनामा नेपालमा राष्ट्रिय युवा नीति २०६६ ले १६-४० वर्ष उमेर समूहलाई युवाका रूपमा परिभाषा गरेको छ, जुन अन्य देशको तुलनामा धेरै हो । तथ्याङ्कहरू हेर्दा भारतमा १५-३५, चीनमा १४-२८, बङ्गलादेश र फिलिपिन्समा १५-३०, हङ्गेरीमा १५-२९, जापान र जमैकामा १५-२४ वर्षलाई युवाको रूपमा परिभाषित गरिएको छ ।

सार्क र अन्य देशको तुलनामा नेपालको कुल जनसत्त्याको अधिकतम जनसत्त्या युवा उमेर समूहको भए पनि देशको विकास र समृद्धिमा परिचालन गर्न सकिएको छैन । गरिबी र आर्थिक पछौटेपनले गर्दा क्षमतावान युवाहरू युरोप र अमेरिकामा पलायन भइरहेका छन् भने सीप नभएका अशिक्षित युवाहरू ४० डिग्रीको तापक्रममा अत्यन्तै सस्तो मुल्यमा अरूको देश निर्माणमा श्रम गरिरहेका छन् । नेपालमा भएका युवाहरू पनि दुर्व्यसन र कुलतमा फसिरहेका छन् । प्रत्येक दिन हजारौंको सत्त्यामा युवाहरू रोजगारका लागि मुलुकबाट बाहिरिन्छन् भने दैनिक रूपमा कैयौँ बन्द बाकसमा फर्किएका छन् । बिडम्बना हाम्रो मुलुक तिनै प्रत्येक दिन बाहिरिने र बन्द बाकसमा भित्रिने सपनाहरूको रेमिट्यान्सले चलिरहेको छ ।

नेपालको शिक्षा देशका लागि योग्य नागरिक बनाउनु भन्दा पनि विदेशका लागि श्रमिक उत्पादन गर्ने कारखाना जस्तो भएको छ । नयाँ पुस्ताले नेपालमा सम्भावना नै देख्न छाडेका छन् । समृद्धिको सपना र उन्नति विदेशी भूमिमा पूरा गर्न परराष्ट्र मन्त्रालयमा राहदानीका लागि लाम लागिरहेका छन् । अहिले कतिपय गाउँ घरमा कसैको मृत्यु हुँदा काजक्रिया गर्ने सन्तानसमेत नभएको अवस्था छ । छोराछोरीको साथको अभावमा अन्तिम श्वास फेरेका बाबुआमा मृत्युपश्चात सन्तानको पर्खाइमा शवगृहमा राखिएका तीतो सत्य हाम्रा सामु छन् । यसो हुनुको कारण उनीहरूले पाएको शैक्षिक प्रमाणपत्र र त्यसमा गरेको लगानी अनि उनीहरूले अपेक्षा गरेको काम र कमाइको सुनिश्चितता नहुनु हो । भनसुन, चाकडी र राम्राभन्दा पनि हाम्रा हुनेले अवसर पाउने र कथंकदाचित मिलेको रोजगार मा पनि प्रतिभा प्रस्फुटन हुने अवसर नहुने, कदर नहुने र आफ्नो पाखुराको सही मूल्याङ्कन नहुँदा निराशामा विदेशिनु परेको आजको युवाको यथार्थता हो । युवाहरूको धेरै सानो हिस्सामात्र उसको उर्जावान् समय राष्ट्र निर्माणमा लगाइरहेको यथार्थता हामी सबैमा छर्लङ्ग नै छ । यो नेपालका लागि सुभ संकेत पटक्कै होइन । देशमै उद्योगधन्दाको विकास गरी युवालाई उद्यमी बनाउने गरी ठोस कार्यक्रम बन्न नसक्नु, बनेका कार्यक्रम प्रभावकारी नहुनु निकै पीडादायी कुरा हो । राज्यको नेतृत्व गर्ने मान्छेले यो कुरालाई गम्भीर रूपमा मनन गर्नुपर्छ । नेपालमा २०६८ को जनगणनाअनुसार नेपालमा कुल जनसत्त्याको ४०.३४ प्रतिशत (१६-४० वर्ष) युवा छन् भने १५-२४ उमेर समूहका युवा कुल जनसत्त्याको १९.९६ प्रतिशत अथवा ५२ लाख ९० हजार देखिन्छ । कुल जनसत्त्याको करिब आधा युवाहरूको सत्त्या छ ।

जहाँ युवाको सत्त्या उल्लेख्य छ, त्यसलाई राष्ट्र विकासका लागि राम्रो सूचकाङ्कका रूपमा लिइन्छ । युवा शक्ति राष्ट्रको अमूल्य सम्पत्ति हो । युवा राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरणका अग्रदूत तथा परिवर्तनका संवाहक हुन् । युवाको सहभागिता, युवा शक्तिको सकारात्मक प्रयोग र राष्ट्रिय आयमा योगदान दिनका लागि आजको दिनमा असल र सक्षम युवा नेतृत्वको खाँचो छ । संसारमै परीक्षण भइसकेको सत्य नयाँ सोच र सिर्जना भएका युवाहरूले मात्र समृद्ध मुलुकको सपना साकार पार्न सक्छन् भन्ने हो । युवा भविष्य मात्र होइन, वर्तमानको हिस्सेदार पनि हो । वर्तमानमा युवाको अस्तित्व स्वीकार गर्न नसक्नु भनेको युवालाई भविष्यको सपना देखाएर सधैं भूमिकाविहीन बनाउनु हो । युवाको क्षमताप्रतिको अविश्वास हो । त्यसैले नेपालमा पनि चाहे त्यो राजनीतिक होस् चाहे कमचारीतन्त्र वा सामाजिक क्षेत्रमा होस्, क्षमतावान र सृजनशील युवालाई नेतृत्व हस्तान्तरण गर्नु जरूरी छ ।

नेपालको सन्दर्भमा कुरा गर्दा बढी भन्दा बढी मात्रामा युवाहरू सधैं भर्याङ्ग भएको मात्र भान भएको छ । नेतृत्वभन्दा निरीह कार्यकर्ता उत्पादन गर्ने मनोविज्ञानले नयाँ पुस्तालाई माथि उक्लन दिएको छैन । वर्षौंदेखि सत्ताको स्वाद चाखिरहेका र राजनीतिलाई आफ्नो पैत्रिक सम्पत्तिजस्तो गरी उपयोग गरेका अनि गालामा चाउरी आउँदासम्म आफैंलाई युवा पिँढीमा राख्ने बानी परेका नेतृत्वले युवा पुस्तालाई यस म्यानका रूपमा आफ्नो तालमा नचाउन चाहेका छन् । उर्जाशील र नयाँ नेतृत्व निर्माणलाई कुनै पनि राजनीतिक पार्टीले एजेन्डा नै बनाउन चाहेका छैनन् । राजनीतिलाई सही दिशामा लैजान र देशले आर्थिक समृद्धि पाउनका लागि राजनीतिमा पनि रचनात्मक पाइला चाल्नुपर्छ । र, त्यो समय अनुसारको र चनात्मक पाइला चाल्नका लागि युवाहरू अगाडि बढ्नुपर्छ । युवाहरूले राजनीतिलाई आफ्नो करियर बनाउनुहुँदैन । र ाजनीतिलाई आफ्नो करियर बनाएका कार ण नै देशमा भ्रष्टाचार र बेथिति बढेको हो । नेपालमा राजनीति आफ्नो र आफ्नाहरूको काम बनाउन र समाजमा प्रतिष्ठित बनी हैकम जमाउने लाइसेन्सजस्तो भएको छ । यसलाई कमाइ खाने र जीवन धान्ने बाटो नबनाई समाजसेवा बनाइनुपर्छ । राजनीति समाज परिवर्तनको आधार बन्नुपर्छ भन्ने अबका युवाले बुझ्नुपर्छ ।

नेपालमा मात्र नभएर संसारभर नै नेपालजस्तै विकासोन्मुख राष्ट्रका युवाहरूको प्रमुख समस्या भनेको राजनीतिक रूपमा युवाहरूलाई क्रान्ति, आन्दोलन र परिर्वतनको अग्रमोर्चामा जोखिम मोल्न लगाउने तर आन्दोलन सफल भएपछि राज्यका निकायमा आउने अवसरमा पहुँच, प्रतिनिधित्व र पहिचान दिन नखोज्ने प्रवृत्ति छ । त्यसैले नेतृत्वको दास भएर बस्ने होइन, सङ्गठितरूपमा नेतृत्वलाई खबरदारी गर्नुपर्छ ।

विकास र समृद्धिका लागि प्रशस्त सम्भावना र स्रोत साधन हुँदाहुँदै पनि हरेक क्षेत्रमा नेतृत्वको कमजोरीले हामी पछि परिरहेका छौं । पेन्सन खाने उमेर भएकाले स-सम्मान बिदा हुने र नयाँ युवा पुस्तालाई नेतृत्व दिने बेला भइसकेको छ । सुगा रटान गरेर मात्र समृद्धि प्राप्त हुँदैन । समृद्ध नेपालको पूर्वशर्त भनेकै नयाँ सोच, उर्जाशील र क्रियाशील नेतृत्व हो । पछिल्लो समय नेपाल सरकारले राष्ट्रिय युवा नीति २०७२ र युथ भिजन २०२५ जारी गर्दै युवा शक्ति राष्ट्रको अमूल्य सम्पत्ति र राष्ट्र निर्माणको प्रमुख स्रोत मानेको छ । नेपालको संविधान २०७२ ले पनि हरेक परिर्वतनमा युवाहरूको नेतृत्वदायी भूमिका रहेको उल्लेख गरेको छ । युवाहरूलाई स्वदेशमै उद्यम र रोजगारको वातावरण बनाउने भन्दै प्रधानमन्त्री रोजगार कार्यक्रमदेखि युवा स्वरोजगार कोष, युवा किसान कार्यक्रमलगायत धेरै योजना बनेका छन् । तर, प्रभावकारी हुन सकेको छैन । यद्यपि यी प्रयासलाई सकारात्मक रूपमा लिनुपर्छ ।

युवाका यी र यस्तै विषयलाई सम्बोधन गर्ने उद्देश्यले संयुक्त राष्ट्रसङ्घको १७ डिसेम्बर १९९९ मा सम्पन्न ५४ औं साधारण सभाले हरेक वर्षको अगष्ट १२ का दिनलाई अन्तर्राष्ट्रिय युवा दिवसका रूपमा मनाउने निर्णय गरेको थियो । तत्पश्चात सन २००० देखि संसारभर प्रत्येक वर्ष अगष्ट १२ तारिखका दिन अन्तर्राष्ट्रिय युवा दिवस मनाउने गरिएको छ ।

नेपालमा भने सन् २००४ देखि यो दिवस मनाउन थालिएको हो । दिवसलाई औपचारिक कार्यक्रममा मात्रै सीमित नर ाखी यसको लक्ष्य र उद्देश्यले सार्थकता पाउनु जरूरी छ । हरेक वर्ष अन्तराष्ट्रिय युवा दिवस मनाइरहँदा यसबाट युवा नेतृत्वलाई प्रोत्साहन पुगोस् युवामा थप सकारात्मक उर्जा थपियोस् । शुभकामना सबैमा । जय युवा ।

इमेल प्राप्त

# सुपाच्य खान, सक्रिय दिनचर्या र सकारात्मक मन



स्वास्थ्य जीवनशैलीमा सन्तुलित र सुपाच्य खानेकुरा, नियमित र सक्रिय दैनिकी, सकारात्मक र उत्साहित मानसिकता आवश्यक्ता हुन्छ । यसलाई हाम्रा पूर्खाहरूले उचित आहार, उचित विहार र उचित विचार भनेर व्याख्या गरेका छन् । स्वास्थ्य जीवनशैलीका लागि हामीसँग त्यही किसिमको आधार पनि चाहिन्छ । हामीले धेरैजसो त खानेकुराको माध्यामबाट रोग पैदा गर्छौं । हाम्रो शरीरमा खानेकुराकै माध्याबाट रोग प्रवेश गर्छ र खानेकुराकै माध्यामबाट रोग हुर्कन्छ ।

जबकि खानेकुरा भनेको शरीरका लागि औषधी हुनुपर्ने, विष होइन । खानेकुराले स्थुल शरीर निर्माण गर्नुपर्ने हो । हड्डी तथा मांशपेसीलाई बलियो र तन्दुरूस्त बनाउनुपर्ने हो । शरीरका भित्री अंगहरूको कार्यसंचालनलाई चुस्त बनाउनुपर्ने हो । तर, अहिले हामीले जे खाइरहेका छौं, त्यसले शरीरमा विष पैदा गरिरहेको छ । शरीर शुद्धिकरण गर्नुपर्ने आवश्यक्ता त्यही कारण पैदा भएको छ कि, हाम्रो शरीर विषाक्त हुँदैछ । शरीरभित्र विष भण्डार बढ्दैछ ।

एकातिर खानपानले हामीलाई रोगी बनाउँदैछ, अर्कोतिर जीवनशैली पनि । हामी सुविधाभोगी जीवनमा लोभी हुँदैछौं । सुख सुविधा, ऐश आरमले हाम्रो शरीर जीर्ण र रोगी बनाउँदैछ । त्यससँगै तनावग्रस्त जीवनले थप पिरोल्दैछ । तनाव, धपेडी, प्रतिस्पर्धा, लोभ, इर्ष्या जस्ता तत्वले पनि हाम्रो शरीरमा विकार पैदा गरिरहेको छ । त्यसैले सम्पूर्ण रूपमा स्वस्थ हुन, खानपानमा मात्र ध्यान दिएर पुग्दैन । त्यससँगै जीवनशैली र सोंच चिन्तन पनि सही हुन जरूरी छ ।

**आहार**

उचित आहार अर्थात सही खानपान । शरीरका लागि उचित खानपानको छनौट गर्नुपर्छ । उचित खानपान भनेको शरीरलाई आवश्यक पोषक तत्व भएको, सन्तुलित र सुपाच्य । खानाकै कारण शरीर निरोगी र जवान हुन्छ भने खानाकै कारण रोगको भण्डार पनि बन्छ । उचित खानपान औषधी सामान हो । अनुचित खानपान विष समान हो ।

खाना कस्तो खाने भन्ने कुरा हाम्रो पूर्खाहरूले तय गरिदिएकै छन् । आफु बसेको वातावरण, भूगोल अनुसार स्थानिय उत्पादन हाम्रो शरीर का लागि उपयोगी हुन्छ । साथै मौसमी खानेकुरा आवश्यक हुन्छ । खानपानको दैनिक तालिका पनि निर्धारण गरिएको छ । बिहानको खाना पर्याप्त र त्यसपछि क्रमस खानाको मात्रा घटाउँदै जानुपर्छ । सुत्नुभन्दा तीन घण्टा अघि भोजन गरेको उत्तम हुन्छ । यसरी उचित आहार अर्थात सही खानपान गरियो भने शरीर निरोगी र जवान र हन्छ । शरीरभित्र अनावश्यक विकार जम्न पाउँदैन ।

**विहार**

विहार अर्थात यात्रा । यसलाई दिनचर्या भनेर बुझ्न सकिन्छ । उचित दिनचर्या भनेको हाम्रो उठ्ने, बस्ने, खाने, खेल्ने, काम गर्ने, विश्राम गर्ने उचित तालिका हो । कतिबेला उठ्ने, कतिबेला सुत्ने, कतिबेला खाने, कतिबेला विश्राम गर्ने भनेर प्रकृतिले पनि तय गरिदिएको छ । प्रकृतिको लय अनुसार हामीले दिनचर्यालाई डोहोऱ्याउन सकेमा जीवन सुखी हुन्छ ।

विहान सूर्योदयअघि उठ्ने, योग, ध्यान, व्यायाम गर्ने, सही समयमा खानपान गर्ने, उचित शारीरिक श्रम गर्ने, सही समयमा विश्राम गर्ने । यस किसिमको सन्तुलित, अनुशासित जीवनशैलीले हामीलाई सुखी राख्छ । खुसी राख्छ ।

**विचार**

खानपान र दिनचर्या मात्र अनुशासित भएर पुग्दैन । शरीर शुद्धिकरण गरेर मात्र पुग्दैन । मन पनि शुद्ध हुनुपर्छ । मन प्रफुल्ल, शान्त र सकारात्मक हुनुपर्छ । यसका लागि खराब विचार त्याग्नुपर्छ । दम्भ, इर्ष्य, लोभ, कामवासना, अहंकार जस्ता विकार त्याग्नुपर्छ । जब हामी यी विकार हटाउँछौं, मनमा करूणा, प्रेम, श्रद्धा, कृतज्ञता पलाउँछ ।

सकारात्मक सोंच र चिन्तनले हामीलाई मानसिक रूपमा स्वस्थ्य बनाउँछ । मन र शरीरवीच आपसमा गहिरो सम्बन्ध हुन्छ । त्यसैले शरीरसँगै मनलाई शुद्धिकरण गरेर हामी निरोगी जीवन पाउन सक्छौं ।

## थाहा नगरका जनप्रतिनिधिको सम्पर्क नम्बर

| | | |
|---|---|---|
| थाहा प्रमुख | लवशेर विष्ट | ९८५५०६७६९२ |
| थाहा उपप्रमुख | खड्ग बहादुर गोपाली | ९८५५०६७०४५ |
| १ नं. वडाध्यक्ष | हेरमान गोपाली | ९८५५०८९३०१ |
| २ नं. वडाध्यक्ष | गुप्तबहादुर कार्की | ९८५५०८९३०२ |
| ३ नं. वडाध्यक्ष | राजेश के.सी. | ९८५५०८९३०३ |
| ४ नं. वडाध्यक्ष | दिपक सिं लामा | ९८५५०८९३०४ |
| ५ नं. वडाध्यक्ष | विष्णुबहादुर गुरुङ | ९८५५०८९३०५ |
| ६ नं. वडाध्यक्ष | शशीधर सुवेदी | ९८५५०८९३०६ |
| ७ नं. वडाध्यक्ष | सनमसिं मुक्तान | ९८५५०८९३०७ |
| ८ नं. वडाध्यक्ष | टिकाराम रुम्बा | ९८५५०८९३०८ |
| ९ नं. वडाध्यक्ष | परशुराम श्रेष्ठ | ९८५५०८९३०९ |
| १० नं. वडाध्यक्ष | हिराबहादुर गमाल | ९८५५०८९३१० |
| ११ नं. वडाध्यक्ष | किरणमान बल | ९८५५०८९३११ |
| १२ नं. वडाध्यक्ष | मानबहादुर स्याङ्तान | ९८५५०८९३१२ |

# मर्निङवाकमा मोबाइल : हुन सक्छ घातक



स्वास्थ्यप्रतिको सचेतना बढेसँगै हामी हिंड्न, दगुर्न, व्यायाम गर्न थालेका छौं । अहिले धेरैजसो प्रातकालिन भ्रमणमा निस्कन्छन् । विहानको समयमा पैदल हिंड्नु स्वास्थ्यका लागि अत्यान्तै लाभदायक मानिन्छ । तर, कति हिंड्ने, कसरी हिंड्ने भन्ने कुरा महत्वपूर्ण हुन्छ । हिंड्दा छिटो-छिटो वा तिब्र गतिमा हिंड्नु उपयुक्त हो । यसले शरीरका भित्री अंगहरूको समेत राम्ररी व्यायाम हुन्छ । फोक्सो, मुटुमा यसले प्रभाव पार्छ । रक्तप्रवाह र श्वासप्रश्वास क्रियालाई सघाउ पुऱ्याउँछ । जोर्नी र मांशपेसीलाई लचिलो बनाउँछ ।

बिहानको समयमा २५ देखि ३० मिनेटसम्म हिंड्नु उचित हुन्छ । वा यो पर्याप्त हो । फटाफट तिब्र गतिमा २५-३० मिनेट हिंडेपछि राम्ररी पसिना आउँछ । शरीरका अंगहरू चलयमान हुन्छन् । अक्सर के देखिन्छ भने मान्छेहरू प्रातकालिन भ्रमणमा त निस्कन्छन्, तर हाट-बजार भर्न निस्किए जस्तै गरी हिंड्छन् । कोही साथीभाईसँग गफ गर्दै सुस्तरी हिंड्छन्, कोही मोबाइलमा गीत वा समाचार सुन्दै ।

मोवाइल प्रयोग गर्दै हिंड्नु उचित हो ? के त्यसरी हिंड्दा हाम्रो व्यायाम प्रभावकारी हुनसक्छ ?

**मांसपेशीको दुखाइ**

बिहानको पैदल यात्रा गर्दा, हामी हाम्रो दुवै हातमाथि र तल गरेर चलायमान बनाउँछौं । यस प्रक्रियामा सम्पूर्ण हात र मांसपेशीहरुको व्यायाम हुन्छ । विज्ञहरूका अनुसार जब हामी एक हातमा मोबाइल समातेर हिड्छौं तब हाम्रो मांसपेशी असंतुलन पैदा हुन्छ। जसले मांसपेशीको दुखाइ बढाउन सक्छ। मुद्रा नराम्रो हुन्छ

बिहान उठ्दा फोनको लगातार प्रयोगले कारण हाम्रो शरीरको स्थिति खराब हुन सक्छ । हिंड्दा मेरूदण्ड सधैं सीधा हुनुपर्छ। मोबाइलको उपयोग गरेर हाम्रो सबै ध्यान यसमा कायम गर्न सकिन्छ । हाम्रो मेरूदण्ड यतिबेला पनि सिधा रहँदैन। लामो समयसम्म यसरी हिंड्नुले तपाईंको शरीरको मुद्रा बिगार्छ।

**ब्याक पेनको समस्या**

लामो समयसम्म गलत तरिकाले हिंड्नुले हाम्रो शरीरको मुद्रामा असर गर्छ । यस अवस्थामा यो समस्याको कारण त्यही मोबाइल बन्न सक्छ । त्यसैले हिंड्दा मोबाइलको उपयोग गर्न कम गर्नुहोस् ।

एकाग्रतामा कमी हिंड्दा हाम्रो सबै ध्यान शरीरमा मात्र हुनुपर्छ । तर मोबाइलको उपयोगका कारण यो सम्भव हुँदैन । हाम्रो ध्यान मोबाइलमा रहन्छ, जसको कारण मनको एकाग्रता समाप्त हुन्छ । जसले हाम्रो शारीरिक वृद्धिमा ध्यान दिन्छ ।

# यी ५ कुरामा पुरुषहरुले कहिल्यै लाज मान्नु हुन्न



के तपाईंले कहिलै आफू पुरूष भएकोमा ग्लानि वा लाज लागेको महसुस गर्नुभएको छ ? वा तपाईंले महसुस गर्नुभएको छ कि आ˘नो मर्द स्वभाव र त्यससँग जोडिएको व्यवहारले तपाईंलाई असंवेदनशील, मुर्ख या त्यसभन्दा पनि खराब त बनाइरहेको छैन ? तुलनात्मक रूपमा पुरूषको संख्या कम छ । तर, धेरैजसो दूर्व्यवहारको घटना, बलात्कार को घटना, थिचोमिचोको घटनामा पुरूषहरू दोषी देखिन्छन् । अर्थात महिलामाथि पुरूषहरू हावी भएको पाइन्छन् । । तर, सबै पुरूष त्यस्ता छैनन् । महिलामाथि सम्मान गर्ने र उनीहरूको भावना बुझ्ने पनि गर्छन् ।

१. डर लाग्नु

हामी जब बच्चाको समयमा डराउने गर्छौं, तब हामीलाई उमेरमा पनि डर लाग्ने गर्छ । सो अवस्थामा हामीलाई तिमी त केटामान्छे भनेर कहिलै पनि ढुक्कसँग डराउन पनि दिइएन । यो सानो कुराले हाम्रो दिमागमा यस्तो गहिरो प्रभाव पार्छ कि पूरै जिन्दगी केटा मान्छेले आफ्नो डर या असुरक्षालाई लुकाएर मात्रै बस्ने गर्छ ।

हामी कहिलै भन्न सक्दैनौं कि 'हामी म केटा हुँ र म डराएको छु ।' डराउनु नराम्रो कुरा होइन तर बरू आफ्नो डर लुकाएर राख्नु नराम्रो कुरा हो । तपाईंलाई थाहा छैन जब तपाईंको दिमागमा कुनै सानो भ्रम वा सानो कुरा तपाईंको अघि पहाड जस्तै खडा हुनेछ । त्यस्तो अवस्थामा डर र संकोच मान्नु आवश्यक हुँदैन ।

२. आफ्नो ठाउँ कायम राख्नुहोस्

कल्पना गर्नुहोस् कि तपाईं एक सम्बन्धमा हुनुहुन्छ र तपाईंको साथी तपाईंको हरेक गतिविधिबारे जान्न चाहनुहुन्छ । तपाईं के लगाउनुहुन्छ, के खानुहुन्छ, कुन रंगको सर्ट वा जुत्ता लगाउनुहुन्छ जस्ता विषयमा तपाईंको साथीले चासो दिने गर्छिन् ।

यतिसम्म कि कुन साथीसँग तपाईं हिंड्ने कोसँग संगत नगर्ने जस्तो विषय पनि तपाईं आफू निर्णय गर्न सक्नुहुन्न भने तपाईं गलत हुनुहुन्छ । तपाईंले आफ्नो ठाउँ तय गर्न सक्नुभएको छैन ।

वास्तवमा यी चीजहरूमा स्वतन्त्रता खोज्नु गलत कुरा होइन । हरेक मानिसले सीमित कुरामा आ˘नो स्वतन्त्रताको महसुस गर्न सक्नुपर्छ ।

३. कसैको याद गर्नु

कहिलेकाहीँ मानिसहरू हाम्रो जीवनबाट धेरै टाढा जान्छन् । सिधा अर्थमा भन्दा ब्रेकअप जस्ता पलहरू जीवनमा आउँछन् । यी पलहरूले जिन्दगी हल्लाउँछन् । उनीहरूबाट बाहिर निस्कनका लागि धेरै मेहनत गर्नु पर्छ । यस्तो यादहरूमा डुब्नु पनि पुरूषको लागि कमजोरी मानिन्छ ।

यस्तो अवस्थामा कसैलाई धेरै सम्झनाको लागि कमजोर मान्नु गलत कुरा हो । यदि कसैले तपाईंलाई यस्तोमा कमजोर ठान्छ भने त्यो उसको गल्ती हो ।

४. इर्ष्यालु हुनु

इर्ष्यालु हुनु मानवको प्राकृतिक स्वभाव हो । कसैको प्रगति देखेर मानिसहरूमा अक्सर ईर्ष्याको भावना विकास हुन्छ । यो आफैँमा प्राकृतिक प्रक्रिया हो । यस्तोमा प्रतिस्पर्धाको भावना मान्छेमा विकास हुन्छ । जुन धेरै राम्रो कुरा हो । प्रत्येक व्यक्तिले दिमागमा प्रगति र स्तरोन्नतिको मूर्त कल्पना गर्छ । मान्छे त्यही कल्पना र प्रगतिलाई पछ्याउँछ । तर त्यति हुँदाहुँदै पनि अर्को चिनेको मान्छेले प्रगति गर्दाआफैँमा ईर्ष्याको भावना जागृत हुन्छ । यस्तो भावनालाई नराम्रो मान्नुपर्ने कुनै कुरै छैन । यसलाई सकारात्मक तरिकाले लिनुहोस्, किनकि यो मानिसमा हुने साझा गुण हो ।

५ कसैसँग मद्दत माग्नु

पुरूषहरूको अर्को समस्या भनेको कसैसँग मद्दत माग्न नसक्नु हो । यदि कसैसँग मद्दत माग्यो भने त्यो आफैँमा कमजोर भए जस्तो महसुस गर्नु नै एक समस्या हो । तर कसैसँग सहयोग लिने विषयमा कुनै संकोच लिनुहुँदैन । हुनसक्छ कसैबाट लिइएको मद्दतले तपाईंलाई नयाँ जीवन दिन सक्छ ।

कसैसँग सहयोग माग्नुलाई तपाईं प्रतिष्ठाको मुद्दा नबनाउनुहोस् । परिस्थितिलाई विचार गर्नुहोस् र तदनुसार निर्णय गर्नुहोस् ।

कहिलेकाहीँ मानिसहरू थोरै मद्दतसँग अगाडि बढ्नका लागि नयाँ तरिकाहरू खोज्छन् । त्यसैले, यदि तपाईं जीवनमा अघि बढ्न चाहनुहुन्छ भने कसैसँग सहयोग माग्न संकोच नमान्नुहोस् ।

जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# हेटौंडा खानेपानी : ९५ प्रतिशत महसुल उठाउन सफल

◆ विकास संवाददाता

हेटौंडा खानेपानी व्यवस्थापन बोडले आर्थिक वर्ष २०७७/७८ मा बिलिङ्ग रकम मध्य ९५.१९ प्रतिशत महसुल उठाउन सफल भएको छ । हेटौंडा खानेपानी व्यवस्थापन बोडले २९ साउनमा पत्रकार सम्मेलनको आयोजना गर्दै आर्थिक वर्ष २०७७/७८ मा बिलिङ्ग गरेकोमा ९ करोड १८ लाख ७२ हजार मध्य ९ करोड १८ लाख ७२ हजार अर्थात ९५.१९ प्रतिशत महशुल उठाउन सफल भएको हो । पत्रकार सम्मेलनमा बोर्डले हेटौँडा नगरभित्रका १४ वटा वडाको विभिन्न भु-भागमा बसोबास गर्ने करिब १ लाख ३५ हजार नगरबासिलाई विभिन्न श्रोतबाट दैनिक सरदर १ करोड ५५ लाख लिटर खानेपानी वितरण गर्दै आएको जनाएको छ । बोर्डले आर्थिक वर्ष २०७७/७८ को प्रगती विवरण तथा आर्थिक वर्ष ७८/७९ को नीति, कार्यक्रम तथा बजेट प्रस्तुत कार्यक्रम मार्फत नगरबासीलाई एउटा सतहगत,२१ वटा डिप बोरीङ, ७ वटा समवेलबाट नियमित दैनिक ६ देखी ७ घण्टा करिब २० हजार ८ सय ८४ धाराहरूमा करिब सरदर १ करोड ५५ लाख लिटर खानेपानी वितरण गर्दै आएको हेटौंडा खानेपानी व्यवस्थापन बोर्डका निमित्त कार्यकारी निर्देशक सुदर्शन ढकालले बताएका छन । बोर्डले गत आर्थिक वर्ष २०७७/०७८ मा ९ करोड ६५ लाख १९ हजार रूपैयाँको बिलिङ गरेकोमा ९ करोड १८ लाख ७२ हजार अर्थात ९५.९१ प्रतिशत रकम संकलन गर्न सफल भएको र ४९ लाख ८३ हजार पानी महशुल बक्यौता रहेकोमा ग्राहकाबाट ७३ लाख ३१ हजार अग्रिम महशुल भुक्तानी भएको छ - बोर्डका निमित्त कार्यकारी निर्देशक ढकालले भने । पत्रकार सम्मेलनमा बोल्दै हेटौंडा खानेपानी व्यवस्थापन बोर्डका अध्यक्ष प्रताप विष्टले अघिल्लो बर्षको तुलनामा यस बर्ष खानेपानी वितरणमा सफल भएको र चुवावट नियन्त्रणमा केही हद सम्म सफल भएको र चुवावट नियन्त्रणमा अनुगमन टोली गठन गरि काम सुरू गरेको बताए ।

हेटौंडा उपमहानगरपालिका नगर प्रमुख हरि बहादुर महतको प्रमुख आतिथ्यता रहेको कार्यक्रममा पत्रकार महासंघ बागमती प्रदेश महासचिव कृष्ण सारूमगर, पत्रकार महासंघ मकवानपुर अध्यक्ष मणिराज गौतम, उद्योग वाणिज्य संघ मकवानपुरका अध्यक्ष कृष्ण कटुवाल, बोर्डका सदस्य इन्द्र नेपाल लगायतले खानेपानी व्यवस्थापन बोर्डको कार्यक्रम तथा बजेटको बिषयमा मन्तव्य व्यक्त गरेका थिए ।

# युवा परिषद्को कार्यालय उद्घाटन

◆ विकास संवाददाता

हेटौंडा उपमहानगरपालिका वडा नम्बर-४ हुप्राचौरमा रहेको बागमती प्रदेश युवा परिषद्को कार्यालयको उद्घाटन् गरिएको छ । अन्तर्राष्ट्रिय युवा दिवसको अवसर पारी बागमती प्रदेशका मुख्यमन्त्री डोरमणि पौडेलले प्रदेश युवा परिषद् कार्यालय उदघाटन गरेका हुन् ।

अन्तर्राष्ट्रिय युवा दिवसको अवसरमा सप्ताहव्यापी कार्यक्रम अन्तर्गतमा कार्यालय उद्घाटन गरिएको हो । कार्यक्रमका प्रमुख अतिथि रहेका मुख्यमन्त्री पौडेलले युवाहरूको लागि प्रदेशले धेरै कार्यक्रम ल्याएको र नकारात्मक विचार हटाउन उनले आग्रह गरेका हुन् । उनले भने, 'हामिहरूमा यो देशमा केहि हुन्न भन्ने नकारात्मक विचार लाई हटाउन जरूरी रहेको छ । आज हामिले विदेशबाट खरबको सामान आयात गर्छौं । त्यो सामान यहि उत्पादन गर्न सके नेपालको अर्थतन्त्र राम्रो हुन सक्छ ।' मुख्यमन्त्री पौडेलले तीन तहकै सरकारले युवाहरूको लागि विभिन्न




कार्यक्रम ल्याएको भएपनि त्यो अवसर लाई उपयोग गर्न नसकिरहेको उनले बताए । युवाहरूलाई आफ्नै देशमा कसरी रोजगारी दिने र पलायन हुन रोक्ने भन्ने योजना ल्याउन युवा परिषदलाई उनले सुझाव दिए ।

त्यस्तै कार्यक्रमको विशेष अतिथि सामाजिक विकासमन्त्री सरस्वती बस्नेतले युवा मुलुकको गहना भएको बताउँदै उनीहरूका लागि विदेशबाट स्वदेशमा फर्काउने वातावरण बनाई खेलकुद, शिक्षा, स्वास्थ्यको क्षेत्रमा परिषद्ले काम गर्नुपर्ने बताइन् ।

प्रदेश युवा परिषद्का उपाध्यक्ष सन्तोष चौलागाईंको अध्यक्षतामा भएको कार्यक्रममा सामाजिक विकास राज्यमन्त्री रामकुमार अधिकारी, संविधानसभा सदस्य अनन्त पौडेल, जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख रघुनाथ खुलाल, प्रदेशसभाका सदस्य जुनेली श्रेष्ठ, नेपाल बुद्धीचालसंघका अध्यक्ष एकालाल श्रेष्ठ, सुकुम्वासी समस्या समाधान आयोग मकवानपुरका अध्यक्ष रामेश्वर राना लगायतकाको आतिथ्यता रहेको थियो ।

# हेटौंडाबाट ठकुरी पक्राउ

◆ विकास संवाददाता

मकवानपुरको हेटौंडा-१० बाइपास मोडमा लागुऔषध सहित ईन्द्रसरोबर गाउँपालिकाका एक युवा र मकवानपुरको राक्सिराबाट लागुऔषध गाँजासहित एक युवक पक्राउ परेका छन । प्रहरी चौकी भुटनदेवीबाट प्रहरी हवल्दार डिल्लीराम शिवाकोटीको नेतृत्वमा खटिगएको प्रहरी टोलीले हेटौंडा-१० बाइपास मोडमा रातोमाटेबाट हेटौंडा बसपार्क तर्फ आउदै गरेको बागमती प्रदेश-०२-०२२प ३७२९ नम्बरको मोटर साइकललाई चेकजाँच गर्दा मोटरसाइकल चालक मकवानपुरको ईन्द्रसरोबर-३ बस्ने ३० बर्षीय मनिष ठकुरीलाई ५ हजार ४०० ट्याब्लेट नाईट्रोभेट सहित पक्राउ गरिएको मकवानपुर प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक जयश्वर रिमालले बताएका छन। पक्राउ परेका माथि आवश्यक अनुसन्धान भइरहेको जनाइएको छ ।

## मास्क वितरण

हेल्प डेस्क नेपाल र हेटौंडा -१८ मा रहेको ठुलोदमार प्रहरी चौकीको समन्वयमा हेटौडा –१८ हर्नामाडीमा जनचेतनामुलक कार्यक्रम सम्पन्न गरेको छ । हेल्प डस्क नेपालका प्रतिनिधि र ठुलोदमार प्रहरी चौकीका प्रहरीको समन्यवमा धरान चतरा सडक खण्डमा मास्क नलगाई हिड्नेलाई मास्क वितरण गरेको छ । मास्क वितरणका साथै मास्क नलगाउदाको बेफाइदा सहित कोभिडबाट बच्ने उपायका बारेमा सहजिकरण गरिएको हो ।

# आर्थिक तथा खाद्यन्न सहयोग



◆ विकास संवाददाता

बलात्कारपछि हत्या गरेको आशंका गरिएको पूर्वी मकवानपुरकी मृतक ४ वर्षीया बालिकाको परिवारलाई नगद र खाद्यान्न सहयोग गरिएको छ । आर्थिक रूपमा विपन्न रहेको स्वर्गीय रूविना पाख्रिनको परिवारलाई सहयोगीहरूबाट प्राप्त नगद ३१ हजार ५० रूपैंया र खाद्यान्न सहयोग गरिएको हो । जगत टिभीबाट संकलित २१ हजार ५० रूपैंया र वाग्मती प्रदेशकी निवर्तमान प्रदेश प्रमुख एवं माईती नेपालकी अध्यक्ष अनुराधा कोईरालाबाट प्राप्त १० हजार रूपैंया हस्तान्तरण गरिएको थियो ।

यसैगरी हाल जापानमा रहेका मकवानपुरकी चेलीहरू शर्मिला लामा र प्रिया व्लोनबाट ५ बोरा चामल, तेल १ कार्टुन र मसला तथा अनुराधा कोईरालाबाट प्राप्त एक बोरा चामल, नुन, तेल, चना प्रदान गरिएको थियो । नगद सहयोग गर्नेमा जापानमै रहेका नेपालको पहिलो स्याटेलाइट निर्माता हरिश श्रेष्ठबाट ३ हजार, पोखराकी सुशिला श्रेष्ठबाट ३ हजार, मकवानपुरगढीकी गोमा लामाबाट २ हजार ५ सय साथै हेटौंडाकी रश्मी बस्नेत, फापरबारीका भीम परियार, बुढीचौर घर भई हाल दक्षिण कोरियामा रहेका गिरिजा न्यौपानेबाट जनही २ हजार सहित १३ जनाले सहयोग गरेका थिए । मकवानपुरको पूर्वी क्षेत्र वागमती गाउँपालिका ७, लामिटारस्थित रूविनाको घरमा पुगेर आमा सीतामायाँ पाख्रिन र बुवा शेरबहादुर पाख्रिनलाई नगद र खाद्यान्न सहयोग गरिएको हो । माईती नेपालकी मकवानपुर कार्यक्रम संयोजक मायाँ लामा, मन लामा र जगत टिभीका संचालक अशोकसुजन श्रेष्ठले नगद र खाद्यान्न हस्तान्तरण गरेका थिए ।

झण्डै ८ महिनाअघि मंसीर ३ गते साँझ रूविनाको रगतले लतपतिएको नग्न अवस्थामा शव भेटिएपछि बलात्कार र हत्या भएको अनुमान गरिएको थियो । रूविनाको बलात्कार र हत्या गरेको आरोपमा आफन्त नातापर्ने स्थानीय एक किशोरमाथि मकवानपुर जिल्ला अदालतमा मुद्धा चलिरहेको बताईएको छ । यसअघि रूविनाको परिवारलाई वागमती गाउँपालिकाबाट ५० हजार, पाख्रिन समाज चितवनबाट ५५ हजार, गाउँलेहरूबाट ३५ हजार, मञ्जुश्री असहाय संरक्षण केन्द्र मकवानपुरबाट १५ हजार रूपैंया लगायतले आर्थिक सहयोग गरेको परिवारले जनाएको छ । आफ्नो खेतमा उत्पादित अन्नले छ महिनामात्र खान पुग्ने भएकाले ज्याला मजदुरी गर्नुपर्ने अवस्था रहेकोले थप सहयोगको अपेक्षा गरेका छन् ।

# हेटौंडाको हुप्रचौर सरसफाइ



◆ विकास संवाददाता

हेटौंडा उपमहानगरपालिका नगर खेलकुद विकास समितिले आज प्रथम स्थापना दिवस मनाएको छ । खेलकुद विकास समितिले लोकतान्त्रिक पार्क (हुप्रचौर) मा सरसफाई कार्यक्रमको आयोजना गरि स्थापना दिवस मनाएको हो । कार्यक्रममा हेटौंडा उपमहानगर पालिकाका उपप्रमुख मिना कुमारी लामा, बागमती प्रदेश युवा परिषदका कार्यकारी उपध्याक्ष सन्तोष चौलागाई, जिल्ला युवा समिति मकवानपुरका अध्यक्ष शिवहरि दाहाल, हेटौंडा उपमहानगर पालिका २ नं वडा सदस्य महेश्वरमान श्रेष्ठ, हेटौंडा उपमहानगरपालिका शिक्षा विकास महाशाखा प्रमुख, सामाजिक विकास शाखा प्रमुख, विभिन्न खेल सम्बिन्धत संघ संस्थाका प्रमुखहरू तथा खेलाडीहरूको उपस्थित रहेको थियो । कार्यक्रम नगर खेलकुद बिकास समितिका अध्यक्ष चन्द्र शाहीको अध्यक्षतामा सम्पन्न भएको थियो ।

कार्यक्रममा बोल्दै खेलकुद विकास समितिका अध्यक्ष चन्द्र शाहीले कार्यक्रमलाइ सफल बनाउन सहयोग गर्नुहुने सम्पूर्णलाइ धन्यबाद ब्यक्त गर्दै आगामी दिनमा नगर खेलकुद विकास समितिले खेलाडी र खेलकुदको विकास र विस्तारमा योजना बनाइ अगाडि बढ्ने बताए ।

अध्यक्ष शाहीले वार्षिक तालिका अनुरूप खेल कार्यक्रम निर्धारण गर्ने, नगर हाता भित्र खेलाडी प्रोत्सहन र विकाशमा प्रमुख जोड दिने र युवा समूहलाई प्राथमिकतामा राखी आफ्नो कार्यक्रम गर्ने प्रतिबद्धता समेत जनाए । नगर खेलकुद विकास समितिले स्थापना दिवसको अबसरमा हुप्रचौरमै केक काटेर दिवस मनाएको थियो ।



प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७
www.bikaskhabar.com
bikaskhabar@gmail.com

# थाहानगरलाई अक्सिजन कन्सन्ट्रेटर र सिलिन्डर सहयोग



◆ विकास संवाददाता

थाहा नगरपालिकालाई रोटरी क्लब अफ काठमाडौं वेष्ट र रोटरी क्लब अफ पोखराले अक्सिजन कन्सन्ट्रेटर र अक्सिजन सिलिन्डर सहयोग गरेको छ ।

२७ साउनमा थाहा नगर पालिकामा आयोजित एक कार्यक्रमबीच रोटरी क्लबका प्रतिनिधिहरूले थाहा नगर पालिका प्रमुख लवशेर विष्टलाई दुवै सामग्री २/२ थान हस्तान्तरण गरेका हुन् । थाहामा कोरोना नियन्त्रणमा सहयोग पुर्याउन अक्सिजन कन्सन्ट्रेटर र सिलिन्डर सहयोग गरिएको रोटेरियन दिग्विजय विष्टले बताए ।

सामग्री हस्तान्तरण कार्यक्रममा नगर प्रमुख विष्ट, उपप्रमुख खड्ग गोपाली, पूर्व स्थानीय विकास अधिकारी भुवनप्रकाश विष्ट, दिग्विजय विष्ट, शार दाभक्त रन्जित, सुरेन्द्रराज जोशी लगायतको उपस्थिति रहेको थियो ।

# थाहानगर शिक्षा समितिले भन्यो–"शैक्षिक गतिविधि ठप्प नपार, केही न केही गर"

◆ विकास संवाददाता

थाहा नगरपालिकामा शैक्षिक गतिविधिलाई ठप्प नपार्न निर्देशन दिइएको छ । थाहानगर शिक्षा समितिले २७ साउनमा आग्राको इन्द्रायणी माविमा आयोजना गरेको बैठकमा यस्तो निर्देशन दिइएको हो ।

बैठकमा आग्रा क्षेत्रका १० वटा विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, शिक्षक तथा वडा शिक्षा समितिका पदाधिकारीहरूको सहभागिता रहेको थियो । बैठकमा शिक्षा समिति संयोजक एवम् थाहा–६ का वडा अध्यक्ष शशिधर सुवेदी, निमित्त प्रमुख प्रशासकीय अधिकृत अजित घिमिरे, नगर शिक्षा प्रमुख शोभाकर रेग्मी, शिक्षा समिति सदस्य सुरेन्द्रमान प्रधान, सुमन कार्की लगायतले नगरमा शैक्षिक क्षेत्रलाई कुनै न कुनै रूपमा चलायमान बनाउन आवश्यक रहेकोमा जोड दिएका थिए ।




कार्यक्रममा नगर शिक्षा समितिका संयोजक सुवेदीले कोरोनाको जोखिमबाट सुरक्षित रहन कुनै न कुनै क्रियाकलाप गर्न निर्देशन दिए । नगर शिक्षा प्रमुख रेग्मीले कोरोनाको कारण देखाएर शिक्षकहरू घरमा बस्न नपाउने बताउँदै तत्काल विद्यालयमा उपस्थित भएर शैक्षिक क्रियाकलापमा जोडिन निर्देशन दिए ।

बैठकमा सहभागी प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरूले भौतिक उपस्थिति बाहेक अन्य गतिविधिबाट विद्यार्थीलाई सिकाइ क्रियाकलापमा जोड्न नसकेको बताएका थिए । प्रविधिमा पहुँचको कमी र आवश्यक सीप, ज्ञानको अभावमा अनलाइन शिक्षण सिकाइमा समस्या भइरहेको उनीहरूको जिकिर थियो ।

# थाहामा स्थानीय विपद तथा जलवायु उत्थानशील योजना तर्जुमा कार्यक्रम



◆ विकास संवाददाता

थाहा नगरपालिकामा स्थानीय विपद तथा जलवायु उत्थानशील योजना तर्जुमा कार्यक्रम २७ साउनमा भएको छ ।

थाहा नगरपालिका र नेपाल पानी सदुपयोग फाउण्डेशन को संयुक्त आयोजनामा थाहाको विकास घरमा दुई दिने कार्यक्रम भएको हो ।

थाहा नगरमा जलवायु परिवर्तन र जल उत्पन्न प्रकोप जाखिम व्यवस्थापनका लागि योजना तर्जुमा कार्यक्रमको आयोजना गरिएको नेपाल पानी सदुपयोग फाउण्डेशनका डा. चिरञ्जीवी भट्टराईले जानकारी दिए ।

थाहा नगरपालिकाका प्रमुख लवशेर विष्टको अध्यक्षतामा भएको कार्यक्रममा नगर उपप्रमुख, वडा अध्यक्षहरू, सदस्यहरू, सामुदायिक वनका प्रतिनिधि, रेडक्रस प्रतिनिधि, प्रहरी, पत्रकार लगायतको सहभागिता रहेको छ ।

सहभागीहरूलाई मौसमविद डा. डमिन्द्र दाहाल र डा. चिरञ्जीवी भट्टराईले सहजीकरण गरिरहेका छन् ।

# थाहाको पाँच...

सडक नाटकमार्फत् कोरोनाका विविध पक्षका बारेमा जानकारी दिँदै यसबाट कसरी बच्न र बचाउन सकिन्छ भन्ने सन्देश दिइएको थियो । नाटकमा थाहा कला केन्द्रका कलाकारहरूले अभिनय गरेका थिए ।

सो क्रममा मास्क नलगाएको अवस्थामा भेटिएका व्यक्तिहरूलाई करिब पाँच सय मास्कसमेत वितरण गरि एको थियो । सडक नाटक प्रदर्शन कार्यक्रममा दामन चेली समाजका संस्थापक अध्यक्ष उर्मिला भट्ट, निवर्तमान अध्यक्ष रिता कार्की, वर्तमान कार्यसमितिका पदाधिकारीहरू जयन्ती रायमाझी, राधिका रायमाझी, सकुन्तला गोपाली, शान्ता रायमाझी, मेनु कार्की, राममाया केसी, कविता कार्की, सुशिला विष्ट लगायतको सहभागिता रहेको थियो । उनीहरूले कोरोनाविरूद्ध जनचेतनामूलक नारा लेखिएको प्लेकार्डसमेत प्रदर्शन गरेका थिए ।

उपभोग्य सामाग्री
खरिद गर्दा
उपभोग मिति
अनिवार्य हेरौं ।

# कैलाशका दिलबहादुर पक्राउ



◆ विकास संवाददाता

मकवानपुर प्रहरीले लागूऔषध गाँजासहित एक जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा कैलाश गाउँपालिका–८ का २९ बर्षीय दिलबहादुर बल रहेका छन् । २५ साउन साँझ मकवानपुरको राक्सिराङ गाउँपालिकास्थित प्रहरी चौकी चैनपुरबाट खटिएको प्रहरी टोलीले राक्सिराङ–५ परेवाभिर स्थित भित्री सडकखण्डमा भार्ताबाट मनहरी तर्फ पैदल आउदै गरेको बललाई १५ किलो ९ सय ग्राम गाँजासहित पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

बललाई पक्राउ गरिआवश्यक अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

# किसानद्वारा आयोग खारेजको बिरोध




◆ विकास संवाददाता

सुकुम्वासी समस्या समाधान आयोग खारेज गरेको विरोधमा मकवानपुरका किसानले हेटौंडाको मुख्य बजार क्षेत्रमा बिरोध प्रदर्शन गरेका छन् । भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको व्यवस्थापनको लागि बनेको भूमि सम्बन्धी समस्या समाधान आयोगको विघटन विरूद्ध हेटौंडामा अखिल नेपाल किसान महासंघले विरोध प्रदर्शन गरेको हो ।

नेकपा एमाले निकट अखिल नेपाल किसान महासंघले आइतवार हेटौंडामा विरोध र्याली प्रदर्शन गरेको हो । महासंघले एमाले पार्टि कार्यालयबाट बुद्धचोकसम्म विरोध र्याली निकालेको थियो । सुकुम्वासीहरूलाई जग्गा दिनुको सट्टा लालपुर्जा वर्तमान सरकारले आयोगनै खारेज गरेको बिरोधमा प्रदर्शन गरिएको अखिल नेपाल किसान महासंघ मकवानपुरका अध्यक्ष विष्णु दंगालले बताए । सरकारले भूमि सम्बन्धी समस्या समाधान आयोगनै खारेज गरेपछि मकवानपुर जिल्लाका भुमिहिन र अव्यवस्थित ४० हजार परिवारलाई समस्या परेको छ । जिल्लाका पाँच वटा स्थानीय तहका ४० हजार ४ सय ६९ जनाले आयोगमा निवेदन दिएका थिए । तर, अरू पाँच वटा स्थानीय तहको निवेदन संकलनको काम सुरु गर्ने लाग्दा यो खारेजपछि समस्या भएको भुमि सम्बन्धी समस्या समाधान आयोगका मकवानपुर अध्यक्ष रामेश्वर रानाले बताए । थाहामा लगत संकलन कार्य अन्तिम चरणमा पुगेको थियो ।

# मालपोत र नापीको सेवा बन्द, प्रशासनमा आलोपालो




◆ विकास संवाददाता

कोरोना संक्रमित बढेसँगै मकवानपुरमा मालपोत र नापी कार्यालय आइतबारदेखि बन्द गरिएको छ । जिल्लामा संक्रमण बढेपछि ३१ साउनदेखि मालपोत र नापी कार्यालय बन्द गरिएको हो ।

सेवाग्राहीको भीडले कोरोना संक्रमण बढ्ने भन्दै सर्वत्र आलोचना भएसँगै मालपोत र नापी कार्यालय बन्द गरिएको हो । 'अत्यधिक लाइन हुने गरेको मालपोत र नापी संक्रमणको जोखिम क्षेत्र हो । त्यस कारणले केही दिनका लागि बन्द गरेका हौं', मकवानपुरका प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डेले जानकारी दिए ।

जिल्ला प्रशासन कार्यालयले पनि आलोपाले सेवा दिन थालेको छ । कोरोना संक्रमण रोकथाम तथा नियन्त्रणका लागि सर्वसाधारणको भीड कम गर्न प्रशासनले नागरिकता, राहदानी वितरण र नवीकरण सम्बन्धी सेवा सातामा फरक–फरक दिनमा प्रवाह गर्ने व्यवस्था गरेको छ । एक साता नागरिकता र राहदानीको प्रतिलिपि प्रदान गरिने छ भने अर्को साता नयाँ नागरिकताको सेवा प्रदान गरिने पाण्डेले जानकारी दिए ।

शान्ति सुरक्षा, मुद्दा, विपद् व्यवस्थापनलगायत सेवा भने नियमित प्रदान गरिने प्रशासनले जनाएको छ । मकवानपुरमा पछिल्लो साढे तीन महिनादेखि निषेधाज्ञा जारी छ । यसअघि खुकुलो बनाइएको निषेधाज्ञा प्रशासनले पुनः कडाई गर्दै लगेको छ । गत सोमबार देखि निजी तथा सार्वजनिक सवारीमा जोरबिजोर प्रणाली, व्यवसाय सञ्चालनमा समय सीमा तोकेको छ । जारी निषेधाज्ञामा अत्यावश्यक उपभोग्य वस्तु खाद्यान्य, मान्छा, मासु, तरकारी, फलफूल, दूध, पानि अण्डा पसलहरू बिहान ५ देखि १० बजेसम्म खोल्न पाइने छ ।

# दौडमा महेश भए प्रथम

◆ विकास संवाददाता

अन्तरराष्ट्रिय युवा दिवसको साताव्यापी कार्यक्रम अन्तर्गत आज ५ किलोमिटर पुरूष खुल्ला दौड प्रतियोगितामा हेटौंडाका महेश मोक्तान प्रथम भएका छन् । अन्तरराष्ट्रिय युवा दिवस २०२१ को अवसरमा प्रदेश युवा परिषद् बागमती प्रदेशको सप्ताहव्यापी कार्यक्रम अन्तर्गत जिल्ला खेलकुद विकास समिति मकवानपुरको समन्वयमा दौड प्रतियोगिता सम्पन्न भएको छ ।

दौड प्रतियोगितामा ४० जनाले सहभागि रहेको जिल्ला खेलकुद विकास समिति मकवानपुरका अध्यक्ष सानु लामाले बताएका हुन् । हेटौंडाको बुद्धचोकबाट सुरू भएको दौड प्रतियोगिता पिप्लेसम्म पुगि पुन बुद्धचोक मै समापन भएको थियो । प्रतियोगितामा हेटौंडा १३ वनस्पतिका महेश मोक्तानले १६ मिनेट ३४ सेकेन्डमा दौड पुरा गरि प्रथम भएका थिए । त्यस्तै दोस्रो हुनेमा प्रदेश प्रहरी कार्यालयका सुरेश साह रहेका छन् । उनले १७ मिनेट २६ सेकेन्डमा दौड पुरा गरेका थिए । प्रदेश प्रहरी कार्यालयकै एजिन राईले १७ मिनेट ३६ सेकेन्डमा दौड पुरा गरि तृतिय भएका छन् ।

प्रदेश युवा परिषद्ले अन्तरराष्ट्रिय युवा दिवस २०२१ को अवसरमा साताव्यापी कार्यक्रम आयोजना गरेको छ । अगष्ट १२ बाट सुरू भएको सप्ताहव्यापी कार्यक्रमलाई सम्पन्न गर्न ५१ सदस्यीय मुल आयोजक समिति बनाइएको छ । साताव्यापी कार्यक्रमको पहिलो दिन बागमती प्रदेशका मुख्यमन्त्री डोरमणि पौडेलको प्रमुख आतिथ्यता र सामाजिक विकासमन्त्री सरस्वती बस्नेतको विशेष आतिथ्यतामा प्रदेश युवा परिषद्को हेटौंडास्थित कार्यालयको उद्घाटन गरिएको थियो ।

लागूऔषध रहित परिवारः
स्वस्थ जीवनको आधार

लागूऔषधले मानिसको शाररिक तथा मानसिक स्वास्थ्य बिग्रन्छ । लागूऔषधको उत्पादन, सञ्चय, ओसारपसार, बिक्री वितरण तथा सेवन कानूनतः दण्डनीय छ । गैरकानुनी गतिविधिमा आफू पनि नलागौं, अरुलाई पनि लाग्न नदिऔं । स्वस्थ र सुखी परिवारको लागि लागूऔषध दुर्व्यसनलाई निरुत्साहन गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# ब्यवहारिक शिक्षाबारे अन्तरक्रिया

◆ विकास संवाददाता



मकवानपुर तराई सम्पर्क मन्चको आयोजनामा सार्क एजुकेशन फाउण्डेसन (हाल नारायणी कलेज र तुलसी मेहर माध्यामिक बिध्यालय) तथा नेम ईन्स्टिच्युट हेटौडाको बिशेष पहलमा मकवानपुर जिल्लालाई कसरी ब्यवहारिक शिक्षाले जोड्न सकिन्छ भन्ने बिषयमा अन्तरक्रिया तथा छलफल कार्यक्रम सम्पनन्न भएको छ ।

कार्यक्रममा बोल्दै नेम ईन्स्टिच्युटका सन्चालक किशोर अर्यालले सकारात्मक सोच सहित सकारात्मक जीवन शैलीबाट समाज तथा शिक्षाको रूपान्तरण गर्ने जिम्मेवारी यो समयको युवापुस्तामा आएको बताए । कार्यक्रममा सार्क एजुकेशनाका कार्यक्रम निर्देशक किसन बास्तोलाले शिक्षा क्षेत्रलाई ब्यवसायीक भन्दा सेवा मुलक बनाउनुपर्ने बताए । विद्यार्थीहरूमा सिक्ने क्षमता अत्याधिक हुने सो क्षमातालाई उपयुक्त ब्यबहारिक बाताबरण मिलाउन सके राष्ट्रको लागि आवश्यक दक्ष जनशक्ति निर्माण गर्न सकिने उनको भनाई थियो । हाल चलनचल्तीमा रहेको घोकन्ते विद्यालाई परिमार्जन गर्दै सिकाईमा जोड दिनुपर्ने उनको धारणा थियो । वर्षभरि चार भित्ता भित्र मात्रै राखी गराइने अद्ययापन पद्दती तोडिनु पर्ने, आवश्यक पर्ने र सम्भव हुने विषय बस्तु पढाउन विद्यार्थीहरूलाई चार भित्ता भन्दा बाहिर लगेर सिकाउने चलनको विकास गर्नुपर्ने अवधारणा उनले ब्यक्त गरे । अर्का सञ्चालक मनोज यादवले तराइ मकवानपुर सम्पर्क मन्चलाई आफुलाइ निमन्त्रणा गरेकोमा धन्यवाद दिँदै २१ औं शताब्दीको युगमा सिकाईमा आधारित शिक्षा हुनुपर्नेमा जोड दिए ।

कार्यक्रममा बारा, पर्सा, रौतहट, सर्लाही, धनुषा लगायतका जिल्लाहरू बाट ३० भन्दा बढीको सहभागिता रहेको थियो ।

कार्यक्रममा तराइ सम्पर्क मन्चका अध्यक्ष मधु रन्जन कुमारको आतिथ्यता रहेको थियो । सार्क एजुकेसन फाउन्डेसनले यसै बर्स बाट हेटौडा १० स्थित रहेको तुलसी मेहर मेमोरियल माध्यामिक बिध्यालय र नारायणी कलेजलाई आफ्नो अधिनमा रहेर सन्चालनमा ल्याउदै छ। जहाँ मन्टेस्वरी लगाएत नर्सरी देखि कक्षा १२ सम्म स्कुल र त्रिभुवन विश्व विद्यालयबाट अनुमती प्राप्त बि बि एसले प्रोगाम चलाएको छ । जहाँ ११ को लागि साइन्स, म्यानेजमेन्ट र होटल म्यानेज्मेन्टको भर्ना खुलेको छ ।

# ज्यामिरे खोलाको पक्की पुल उद्घाटन

◆ विकास संवाददाता

बागमती प्रदेशका मुख्यमन्त्री डोरमणी पौडेलले मकवानपुरगढी गाउँपालिका वडा नंबर ५ स्थित ज्यामिरे खोलामा निर्मित पुल उद्घाटन गरेका छन् । गाउँपालिकाको ज्यामिरे र धादिङ्ग बजार जोड्ने ज्यामिरेको पुल मुख्यमन्त्री पौडेलले शनिबार उद्घाटन गरेका हुन् । संघिय सरकारबाट ८९ लाख ६४ हजार ३१९, प्रदेश सरकार बाट ३० लाख अनुदान र गाउँपालिकाको आन्तरीक श्रोतबाट २ करोड १८ हजार १६९ गरी कुल ३ करोड १९ लाख ८२ हजार ४ सय ८८ रूपैँया लागतमा निर्माण भएको मकवानपुरगढी गाउँपालिकाका अध्यक्ष विदुर हुँमागाईले बताए ।

निर्माण भएको पुलको लम्बाइ २६.६५ मिटर र चौडाइ ७.२० मिटर छ । पुल निर्माणले जन-जिवन उकास्न निकै ठुलो भुमिका खेल्ने विश्वास र स्थानिय बजार प्रवर्दन र सामुदायिक विकास,यातायातको विकास जस्ता विविध कामको लागि यस पुलको महत्वपुर्ण भुमिका रहेको अध्यक्ष हुँमागाईले बताए । मुख्यमन्त्री पौडेलले प्रदेश सरकार मकवानपुरगढी गाउँपालिकाको विकासको लागि सधै तत्पर रहेको र भालुखोला पुल निर्माणमा पनि प्रदेशबाट उल्लेखनिय योगदान रहने प्रतिद्धता समेत व्यक्त गरे । पुल निर्माणपछि गाउँपालिकाका वडा नं ५ र ६ का बासिन्दा लाभान्वित भएका छन् । यसअघि वर्षायाममा उर्लिएको भेलमा जोखिमपूर्ण तरिकाले ज्यामिरे खोलामा वारपार गर्नुपर्ने बाध्यता थियो । पुल निर्माण भएसँगै स्थानीयबासीलाई यात्रा गर्न सहज हुने भएको छ ।

उद्घाटन कार्यक्रममा गाउँपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरू, विभिन्न पार्टीका प्रतिनिधि र स्थानीयहरूको उपस्थिती रहेको थियो ।

# भीमफेदीको आफ्नै भवनमा

◆ विकास संवाददाता

मकवानपुरको भीमफेदी गाउँपालिका आफ्नै भवनमा सर्ने भएको छ । स्थानीय तह घोषणासंगै घर भाडामा लिएर कार्यालय सञ्चालन गर्दै आएकोमा आफ्नै भवनमा सर्ने भएको हो । ३२ साउनमा गाउँपालिका भवनको बागमती प्रदेशका मुख्यमन्त्री डोरमणी पौडेलले उद्घाटन गर्ने कार्यक्रम रहेको पालिकाले जनाएको छ । ४२ कोठे भवनको करिब ७ करोडमा ठेक्का आव्हान भएकोमा ४ करोड १२ लाख रूपैयाँमा निर्माण सम्पन्न भएको हो ।

संघीयता कार्यानवयनका क्रममा स्थानीय तह घोषणा भएको पाँच वर्षपछि पालिकाले आफ्नै कार्यालय निर्माण सकेर सर्न लागेको हो । वि.सं. २०७४ सालमा स्थानीय तहमा जनप्रतिनीधि निर्वाचन पश्चात भवन निर्माण कार्य प्रारम्भ भएको हो । अब ३२ साउनबाट पालिकाले आफ्नै भवनबाट सेवा प्रवाह गर्ने गाउँपालिका अध्यक्ष हिदम लामाले जानकारी दिए । भवन निर्माणका लागि सम्झौताको .. मा नै आर. एण्ड सि. जेभीले कम्पनीले निर्माण सम्पन्न गरेको हो । यसअघि भाडाको घरको एउटै कोठामा दुई भन्दा बढि शाखा राखेर सेवा प्रवाह गरिरहेको भिमफेदीले अब सहज रूपमा सेवा प्रवाह गर्ने जनाइएको छ ।

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग
सिंहदरबार, काठमाडौं

सामाजिक सुरक्षा परिचयपत्र
नवीकरण सम्बन्धी अत्यन्त जरुरी सूचना



जेष्ठ नागरिक　एकल महिला　अशक्त/अपाङ्ग　लोपोन्मुख जाति　बालबालिका

सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीले २०७८ साल श्रावण १ गतेदेखि २०७८ भाद्र मसान्तसम्म आफ्नो स्थायी ठेगाना रहेको वडामा लाभग्राही स्वयं वा संरक्षक/माथवर उपस्थित भई अनिवार्य रुपमा परिचयपत्र नवीकरण गरौं ।

तोकिएको समयमा नवीकरण नगराएमा सामाजिक सुरक्षा भत्ता प्रदान गरिने छैन ।

थाहा नगरपालिका
नगर कार्यपालिका कार्यालय
इन्द्रायणी चौर मकवानपुर

● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेलः bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी